# गोकुलगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

## करार सेवामा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/१२

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि देहायको संख्यामा सिभिल ईन्जिनियर (अधिकृत सातौं) करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले श्री लोक सेवा आयोग वा श्री प्रदेश लोक सेवा आयोगका कार्यालयबाट प्रकाशित सूचनामा बैकल्पिक वा अस्थायी योग्यताक्रममा रहेका उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र निम्नानुसारको कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिभित्र निवेदन दिने उम्मेद्वारमध्येबाट सिफारिस योग्यताक्रम र फरक लोक सेवा आयोगको कार्यालयबाट सिफारिसको योग्यताक्रम समान भएको अवस्थामा यस कार्यालयबाट पहिलो दर्ता हुन आउने निवेदनको आधारमा करार सेवामा नियुक्ति दिई कामकाजमा खटाइने व्यहोरा जानकारी गराईन्छ।

### देहाय

| क्र.सं. | सूचना नं. | पद/तह/सेवा/समुह | आवश्यक माग संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|
| १ | ०५-२०८१/८२ | सिभिल ईन्जिनियर, (अधिकृतस्तर सातौं) | १ (एक) | १२००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित पदको विषयमा उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |

**१. दरखास्तको साथमा पेश गर्नु पर्ने आवश्यक कागजातहरुः-**

क) निवेदन
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु,
घ) लोक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको प्रतिलिपी,
ङ) लोक सेवा आयोगबाट वैकल्पिक तथा अस्थायी योग्यताक्रममा सिफारिस भएको कागजात,
च) अनुभव भएमा सोको प्रतिलिपी

२. दरखास्त दस्तुर तिर्ने तरिकाः- यस कार्यालयको राजश्व शाखामा भौतिक रुपमा उपस्थित भई वा अनलाईन (sutrarevenue.fcgo.gov.np) मा लगईन गरी राजश्व भूक्तानीमा गई जिल्ला रामेछाप, स्थानीय तह गोकुलगंगा गाउँपालिका र संकलन केन्द्र गोकुलगंगा गाउँपालिका, रामेछाप छान्नुहोस र तोकिएको दर रेट अनुसारमा टिक लगाउनुहोस र राजश्व क्रियाकलाप/सेवामा दरखास्त दर्ता शुल्कः अधिकृतस्तर छैठौं/सातौं छान्नुहोस र स्क्रिनमा देखिएको Add वटनमा क्लिक गरी सेभ गरी रकम भूक्तानी गर्नुहोस।

**३. दरखास्त दिने स्थानः-** कार्यालय समयमा, गोकुलगंगा गाउँपालिकाको कार्यालय रस्नालु, रामेछाप।

**४. दरखास्त फाराम पाईने स्थानः-** गोकुलगंगा गाउँपालिकाको कार्यालय वा यस कार्यालयको वेभसाईट www.gokulgangamun.gov.np मार्फत डाउनलोड गर्न सक्नुहुनेछ ।

**५. दरखास्त दिने अन्तिम मितिः-** सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र

**६. पारिश्रमिक सेवा सुविधाः-** कार्यालयको निर्णयानुसार हुनेछ ।

७. सूचना उल्लेख हुन छुट भएका विषयहरुमा लोक सेवा आयोगको प्रचलित नियम कानूनहरु आकर्षित हुनेछन्।

**८. थप जानकारीको लागि सम्पर्क नं.** ९८४६५९९३३७ वा ९८५४०४३६४० मा सम्पर्क गर्न सकिनेछ ।

(पुनश्च- वैकल्पिक वा अस्थायी योग्यताक्रमको सूचना मिति २०८०/०७/२७ देखी २०८१/०७/२६ भित्र प्रकाशन भएको हुनुपर्नेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**